

# के तपाईं
# यौन शोषणमा पर्नुभएको छ ?

## तपाईंको अधिकारहरू थाहापाइराख्नुहोस् ।

विद्यालयको कार्यक्रम वा यसका कृयाकलापहरू, साथै क्याम्पस हाता, स्कुल बस, वा विद्यालयले आयोजना गर्ने भ्रमण जस्ता अतिरिक्त कृयाकलापहरू आदिमा विधार्थी र कर्मचारीहरूलाई कसैबाट हुने यौन शोषणबाट शुरक्षित गरिनेछ ।

## यौन शोषण भनेको के हो ?

यौनजन्य प्रकृतीका कुनैपनि अवांछनिय व्यवहार तथा त्यसप्रकारका बोलिबचन वा हाउभाउलाई यौन शोषण भनिन्छ, जस्तै:

- कुनैपनि प्रकारको तह प्राप्त गर्न, पदोन्नती, खेलकुद समूहमा स्थान प्राप्त गर्न, कुनैपनि प्रकारको शैक्षिक वा रोजगार सम्बन्धि निर्णयको क्रममा कुनै पनि विधार्थी वा कर्मचारीलाई यौनजन्य प्रकृतीका अवांछनिय व्यवहार तथा बोलिबचनलाई वेवास्ता गर्न वाध्य गरिन्छ भने अथवा
- वधार्थीको कार्यक्षमतामा वाधा उत्पन्न गराउने, उनीहरूलाई मानसिक दवाव दिने, अवांछनिय शैक्षिक वा कार्य वातावरण सिर्जना गर्ने प्रकारका कृयाकलापहरू ।

## मैले यौन शोषणको विरुद्धमा कसरी उजुरी गर्ने ?

तपाईंले यौन शोषणको बारेमा कुनैपनि विद्यालय/स्कुलको कर्मचारी, शिक्षक वा स्कुल डिस्ट्रिक अधिकारीलाई उजुरी दिन सक्नुहुन्छ ।

*तपाईं डिस्ट्रिक यौन शोषण नियम तथा कानुनी प्रकृयाहरूको एक प्रती प्राप्त गर्न चहानुहुन्छ भने तपाईंको विद्यालय तथा डिस्ट्रिक्ट कार्यलयमा सम्पर्क गर्नुहोला ।*

### यौन शोषणका उदाहरणहरू:

- कुनैपनि व्यक्तिलाई यौन चाहानाको लागी जर्बजस्ती गर्नु ।
- यौनजन्य प्रकारले कसैलाई असमान्यरुपमा छुनु ।
- यौन प्रकृती झल्किने प्रकारका शब्दहरू लेख्नु ।
- स्पष्टरुपमा यौन प्रकृती झल्काउने संदेश, इमेल वा फोटोहरू आदनप्रदान गर्नु ।
- यौन प्रकृतीका जोक, हंस्यौली, तथा चर्चा गर्नु ।
- बलत्कार तथा यौन दुर्वव्यवहार जस्ता शारीरिक हिंशा गर्नु ।

**OSPI Equity and Civil Rights Office**
**360.725.6162**
**equity@k12.wa.us**
**www.k12.wa.us/equity**

Equal Access and Opportunities for Students and Educators
Equity & Civil Rights
PROMOTING EDUCATIONAL EXCELLENCE FOR ALL

SUPERINTENDENT OF PUBLIC INSTRUCTION WASHINGTON

ओ.एस.पी.आइ. र स्कुल डिस्ट्रिक (विद्यालय-इलाका)हरूमा, लिङ्ग, जात, वर्ण, सम्प्रादय, राष्ट्रियता, उमेर, शारिरिक असक्षमता, वैवाहिक अवस्था, लिङ्ग अवस्था, लिङ्गीय पहिचान तथा दृष्टिकोण, फौजी अनुभव, शारीरिक रुपमा अशक्त व्यक्तिद्वारा लिइने सेवा-सुविधा आदि कुनै पनि आधारमा कसैलाई छुवाछुत गर्न पाईंदैन र नियुक्ती पाएका सम्पूर्ण युवा समूहलाई समान पहुँचको मौका प्रदान गरिनुपर्छ । यससम्बन्धि प्रश्न वा कुनैपनि उजुरी दिन चहानुहुन्छ भने कृपया तपाईंको स्कुल डिस्ट्रिक(विद्यालय इलाका) वा ओ.एस.पी.आइ. इक्यूटि एण्ड सिभिल राइट्स (न्याय र नागरिक अधिकार कार्यलय) को पोष्ट बक्स ४७२००, ओलम्पिया, WA 98504 वा (३६०) ७२५-६१६२ मा सम्पर्क गर्नुहोला ।

NEPALI